# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

## राजविराज नगरपालिका, सप्तरी




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्याः२०७७।७८

च. नं. ३०१ मितिः २०७८।५।४

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुख ज्यू,

राजविराज नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

सप्तरी।

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस नगरपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरीएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ को प्रयोजनको लागि अनुरोध छ।

(नेत्र कुमार खत्री)

नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्या:२०७७।७८
च.नं.:३०२ मिति:२०७८।५।४

श्री प्रमुख ज्यू,
राजविराज नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
सप्तरी।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले राजविराज नगरपालिका, सप्तरीको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिवरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया साथ प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट भएको छैन। अन्तिम प्रतिवेदन पाना २८(अठ्ठाईस) यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु २२ करोड १८ लाख २४ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु १ करोड ३२ लाख ६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ५ करोड २ लाख २३ हजार नियमित गर्नुपर्ने रु. १० करोड ७५ लाख ४७ हजार पेश्की बाँकी रु ५ करोड ८ लाख ४८ हजार रहेको छ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमूख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

**राजिवराज नगरपालिका, सप्तरी**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७६/७७**

ब उ शि नं बिभिन्न कार्यालयको नामः **राजविराज नगरपालिका, सप्तरी।** आ.व. २०७६।७७

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचयः**– स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस राजविराज नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत १६ वडा, ८१ सभा सदस्य, ५५ वर्ग किलोमिटर क्षेत्रफल तथा ६९ हजार ८ सय ३ जनसंख्या रहेको छ। | |
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरणः**– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ।सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। पालिकाले पेश गरेको वित्तिय विवरण निम्नानुसार रहेको छ। | |

**राजविराज नगरपालिका, सप्तरी**
**आर्थिक विवरण**
**२०७६/७७**

| आय तर्फ | | व्यय तर्फ | |
|---|---|---|---|
| **आय विवरण** | **यस वर्षको यथार्थ आय रु.** | **व्यय शिर्षक** | **यस वर्षको यथार्थ व्यय रु.** |
| **गत वर्षको जिम्मेवारी** | | | |
| न पा संचित कोष | ११७८७७२७७.६५ | वित्तिय समानिकरण | १०७८५००८९.८७ |
| कर्मचरी कल्याण कोष | २४१९८५.९४ | आन्तरिक आयको खर्च | २२२७७७४८.४७ |
| प्रकोप व्यवस्थापन | २०१०९३४.९७ | गत आ व को मौज्दातबाट खर्च | ७६२२५१४७.२३ |
| धरौटी खाता | ३९४८५८९५.६९ | संघीय राजश्व बाडफाँड | ६९५९५०३७.९९ |
| राजश्व(आन्तरिक आय) | ३००६३०८०.४२ | सशर्त अनुदान | २३७४९०९६४.५९ |
| संघीय वित्तीय समानीकरण अनुदान | १८४२००००.०० | प्रदेश अन्य अनुदान तथा युनिसेफ विविधकोष खर्च | २४४७०३२.०० |
| संघीय सर्शत अनुदान | २७४४४६०००.०० | सडक बोर्ड गत वर्ष चालु बर्षको खर्च | ५१७९३५५.०७ |
| संघीय राजश्व बाँडफाँड अनुदान | ७२०५५७७७.४७ | प्रदेश वित्तिय समानीकरण अनुदान | ३३१४०७१.०० |
| प्रदेश वित्तीय | ७९९८०००.०० | प्रदेश सर्शत अनुदान | ९९८७४६९.४७ |
| प्रदेश सर्शत अनुदान | १००००००.०० | प्रदेश विशेष अनुदान | २९५२०००.०० |
| प्रदेश विशेष अनुदान | ३००००००.०० | प्रदेश समपुरक अनुदान | ४००००००.०० |
| प्रदेश समपुरक अनुदान | ४००००००.०० | युनिसेफ विविध कोष | १२७२७००.०० |
| प्रदेश अन्य अनुदान | ३८०३६६७.०० | प्रकोप व्यवस्थापन खर्च | १९३११७०.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| युनिसेफ लगायत विविध कोष | | | |
| सडक बोर्ड गत बर्षको मौज्दात | ३८२९३५५.०७ | धरौटी फिर्ता, सदर स्याहा | २५००९१६०.६३ |
| सडक बोर्ड क्रमागत | ४४९९८८७.०० | **विषयगत निकायको खर्च** | |
| **विषयगत निकायबाट प्राप्त रकम** | | सामाजिक सुरक्षा | १२९१५२४००.०० |
| राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग(३१४०१०११३) | ७८९२४९.०० | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग(३१४०१०११३) | ७८९२४९.०० |
| राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग(३१४०१०११४) | २०६०००.०० | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग(३१४०१०११४) | २०६०००.०० |
| सामाजिक सुरक्षा | १२९१५२४००.०० | राष्ट्रपति महिला उत्थान कार्यक्रम | ३०००००.०० |
| राष्ट्रपति महिला उत्थान कार्यक्रम | ३०००००.०० | स्थानीय पूर्वाधार विकास साझेदार | ५७०१६००३.२८ |
| स्थानीय पूर्वाधार विकास साझेदार | ५७०१६००३.२८ | बहुक्षेत्रिय पोषण | ८०००००.०० |
| बहुक्षेत्रीय पोषण | ८०००००.०० | **स्रेस्ता अनुसार बाँकी बैंक मौज्दात** | |
| श्रोत नखुलेको आम्दानी | ३६४८२८८०.६७ | संचित कोष | २०४२९५८९४.४१ |
| | | कर्मचारी कल्याण कोष | २४१९८५.९४ |
| | | प्रकोप व्यवस्थापन कोष | ४०९१५४५.१५ |
| | | धरौटी खाता | १४४७६७३५.०६ |
| | | विवध कोष | १३५६६३५.०० |
| **कुल जम्मा** | **९८,२२,५८,३९४.१६** | **कुल जम्मा** | **९८,२२,५८,३९४.१६** |

यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

- नगरपालिकाले पेश गरेको आर्थिक विवरण अनुसार स्रोत नखुलेको आम्दानी भनि आय महलमा रु.३६४८२८८०।६७ उल्लेख गरेको छ। उक्त रकम नगरपालिकालाई कुन कुन स्रोत तथा शिर्षकबाट आम्दानी भएको थियो, एकिन गरी सो को प्रमाण पेश हुनुपर्ने रु.

३,६४,८२,८८०.००

- नगरपालिकाले पेश गरेको आर्थिक विवरणमा चालू खर्च खाता तर्फको मौज्दात रु.२६२६६२९९।३४ र पूजिगत खर्च खाताका अन्तिम मौज्दात रु.२४४९००४१।८६ समेत रु.५०७५६३४१।२० अन्तिम मौज्दात तर्फ समावेश नगरेकोले त्यति नै रकमले आम्दानी तर्फ असर गरेको छ।
- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।
- स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन। जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ३८१३००४८।१८ ले फरक देखिएको छ।
- लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्थानीय तहले पेश गरेकाे आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको।<br>• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेकोः**– स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१३३०७७०००।० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१५९६१६०००।० जिम्मेवारी सारेको देखियो। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२६५३९०००।० बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | २,६५,३९,०००.०० |
| ३. | **बैक हिसाब मिलान नगरेकोः**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार रु. ३,८१,३०,०४८.१८ देखिन्छ। फरक पर्न गएको बैंक हिसाब मिलान विवरण तयार गरी बैक बढी देखिएको रु ३६३६३१७८।१७ र बैक घटी देखिएको रु १७६६८७०।०१ हिसाव मिलान हुनुपर्ने रु. | १७६६८७०.०१ |

| सि.नं | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक | |
|---|---|---|---|---|---|
| १ | न पा संचितकोष | २०४२९५८९४.४१ | २१४२६२७९८.४१ | ९९६६९०३.५९ | |
| २ | चालु खर्च खाता | २६२६६२९९.३४ | ३३९६७४१४.२६ | ७७०१११४.९२ | |
| ३ | पूँजिगत खर्च खाता | ३४४९००४१.८६ | ४००७९९३९.५२ | १५५८९८९७.६६ | |
| ४ | विविध कोष | १३५६६३५.०० | ३००९१२६.०० | १६५२४९१.०० | |
| ५ | अन्य खर्च खाता कल्याण कोष | २४१९८५.९४ | ६३८४७६.१२ | ३९६४९०.१८ | |
| ६ | प्रकोप व्यवस्थापन खाता | ४०९१५४५.१५ | ५१४७८२५.९७ | १०५६२८०.८२ | |
| ७ | धरौटी खाता | १४४७६७३५.०६ | १२७०९८६५.० | १७६६८७०.०१ | |
| | | | जम्मा | ३८,१३०,०४८.१८ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।<br>• स्थानिय सरकार सञ्चालन ऐन २०७४ को बमोजिम प्रत्येक बर्ष आषाढ १० गते भित्र बजेट पेश गर्नुपर्नेमा यस पालिकाले आषाढ २७ मा मात्र बजेट पेश गरेको छ ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.२६२६६२९९।३४, पुजीगत खर्च खातामा रु.२४४९००४१।८६ समेत गरी रु.३३,१२,८५३।४३ मौज्दात रहेको पाईयो।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>• स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।<br>• दिगो बिकास योजना(२०१५-३०)लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • निजामती सेवा ऐन, २०४९ को वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.४,६१,२६,७३०।०० खर्च लेखेको पाईयो ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ४ ऐन, ३ नियमावली, ३ कार्यविधि समेत १० कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ।<br>तसर्थः पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ५. | **भवन नक्सा पास**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम नगरपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ। नगरपालिका भित्र बनिरहेका सम्पूर्ण घरहरुलाई करको दायरामा ल्याई नक्सा पास पछि मात्र घर बनाउने इजाजत पर्ने व्यवस्था छ। नगरपालिकाले नक्सा पासको लागि अनुरोध भई आएका घरजग्गाको मात्र नक्सा पास गर्ने गरेको देखियो।निर्माण इजाजत नलिई बनाइराखेका भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी राजस्व बृद्धि गर्ने तर्फ आवश्यक पहल गर्नुपर्दछ। | |
| | • **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ६. | **बजेट पेश, पारित र अख्तियारीः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उप प्रमुख श्री साधाना झा ले २०७६।३।२७ गते रु.८८ करोड ६० लाख २५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।२९ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। | |
| ७. | **अबण्डा बजेटः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो बर्ष रु.७५ लाख ४८ हजार अबण्डा राखेको छ। उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट पुजीगततर्फ रु.७५ लाख ४८ हजार बाटो निर्माण शीर्षकमा व्यवस्था गरी खर्च गरेको छ। बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ। | |
| ८. | **चौमासिक पूँजीगत खर्चः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | |

(रु.हजारमा)

| सि नं | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| १ | ८०२१५४०५००१ | १३९७४८.० | ५६११७.० | १६७९२.० | ६६८३९.० | ५८३९१.० |
| २ | ८०२१५४०५५०१ | २८५९५.० | ०.० | ३८२९.० | २४७६६.० | २२७६७.० |
| ३ | ८०२१५४०५५०२ | १२९३८.० | ०.० | ०.० | १२९३८.० | १०९८१.० |
| | **कूल खर्चः** | **१८१,२८१.** | **५६,११७.००** | **२०,६२१.०** | **१०४५४३.** | **९२१३९.०** |
| | खर्च प्रतिशत | १००.०० | ३०.९५ | ११.३७ | ५७.३७ | ५०.८३ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९. | **बिनियोजनभन्दा वढी खर्चः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकाबाट स्वीकृत गराई असार १० भित्र सभामा पेश गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ। तर यस पालिकाले देहाय अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा रु. ६,४०,१८,८७९.५७ बढी खर्च गरेको अनियमित देखिएको रु. | ६,४०,१८,८७९.५७ |

| सि नं | शीर्षक | विनियोजित रकम | खर्च भएको रकम | बढी खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | स्वास्थ्यकर्मीहरुको तलब भत्ता | २३३७९०००.० | ३२२६२३७१.५७ | ८८८३३७१.५७ |
| २ | शिक्षकहरुको तलब आधारभूत तह | ८३५३००००.० | १३१६३८७७८.० | ४८१०८७७८. |
| ३ | नपा तर्फका कर्मचारीको तलब | ३९१०००००.० | ४६१२६७३०.० | ७०२६७३०.० |
| | जम्मा | १४६,००९,०००.०० | २१०,०२७,८७९.५७ | ६४,०१८,८७९.५७ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निर्धारित बजेटको सिमा नाघि खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ। | |
| १०. | **क्षेत्रगत बजेट र खर्चः-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

(रु. हजारमा)

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १९८६१ | ३७७४ | |
| सामाजिक क्षेत्र | २६९७३९ | २४१२४३ | |
| पूर्वाधार विकास क्षेत्र | ४३३४९८ | १६३७३९ | |
| वातावरण तथा विपद् व्यवस्थापन | ३००० | - | |
| वित्तीय व्यवस्थापन र सुशासन | - | ९८०७ | |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १५९८२७ | ११९६०४ | |
| **जम्मा** | **८८६०२५** | **५३८१६७** | |

| | | |
|---|---|---|
| | उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः | |
| १०.१. | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.३००६३०८०।४२ राजस्व बाँडफाँड र अनुदानबाट रु.७९२५७९२१९।४९ समेत रु.८२२६४२२९९।९१ आम्दानी भएकोमा चालु तर्फ रु.५७६५१२८९०।५१ र पूँजिगत तर्फ रु.१८,१२,८२,७०८।०९ र समेत रु .७५७७९५५९८।६० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ३. ९७ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.२७,७६,९५०।०० खर्च भएको छ जुन आन्तरिक आयको ९.२३ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७० प्रतिशत चालु र २२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ। | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| ११. | **कर्मचारी करारः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न १२ पदमा २९ जना कर्मचारीहरु करारमा राखी रु.१,११,५९,४९०।०० खर्च लेखेको छ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न १० पदमा १३ जना करार नियुक्ति गरी बर्षभरीमा रु.४३,३७,१९०।०० भुक्तानी गरेको अनियमित देखएको रु. | ४३,३७,१९०.०० |
| १२. | **कल्याण कोषः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.८०,००,०००।०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. | ८०,००,०००.०० |
| १३. | **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कानून नबनाई यो बर्ष १६ जना कर्मचारीलाई प्रोत्साहन भत्ता बापत रु.२९५९००।० खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | २,९५,९००.०० |
| १४. | **न्यायीक समितिः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १२४ र यो बर्ष थप भएको १९२ गरी कुल ३१६ विवाद दर्ता भएकोमा ६४ वटा मात्र फछ्यौंट भई २५२ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |
| १५. | **आन्तरिक लेखापरीक्षणः**- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ। | |
| १६. | **खाना तथा विविध खर्चः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.११,३७,९३९।० खर्च गरेको छ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | |
| १७. | **आर्थिक सहायताः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष व्यक्ति एवं संघ संस्थालाई रु.२४,२९,४०८।०० आर्थिक सहायता वितरण गरेको पाइयो। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| | • **अनुदान प्राप्ति, वितरण र फिर्ता** | |
| १८. | **अनुदान फिर्ताः—** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन। खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | | ५,३९,८८८.४४ |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | फिर्ता भई बाँकी रकम |
|---|---|---|
| **संघीय सरकार** | शसर्त | **५३९४३०.६८** |
| **प्रदेश सरकार** | शसर्त | **४५७.७६** |
| | **जम्मा** | **५,३९,८८८.४४** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १९. | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन्। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ। | |
| | • **कर दस्तुर एवं आन्तरिक आय** | |
| २०. | **असुली गर्न बाँकी आन्तरिक आयः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। यस स्थानीय तहले विगतको विभिन्न २० ठेकेदारबाट रु.१,९०,२०,३०७।२४ असूल गर्न बाँकी विवरण पेश गरेको छ। यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार २ व्यवसायिबाट रु. ७,४७०,९११.०० असुल गर्ने बाँकी रहेको छ। | |

| सि. नं | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | कमरलाल यादव | हटिया | ७५,०१,१११.० | १७,२५,०००. | ५७७६१११. |
| २ | विभिन्न | पालिका वरिपरी सटर भाडा | २०,००,०००.० | ३,०५,२००.३२ | १६९४८००. |
| | | | | जम्मा | ७,४७०,९११.० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन। जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौता अनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु. | ७४,७०,९११.०० |
| २०.१. | **असूल हुन बाँकी करः** पालिकाले पेश गरेको विवरण अनुसार निम्न आय शिर्षकमा असुल गर्न बाँकी कर रु.४६,५०,६६६।३६ देखिन्छ। नियमानुसार कारबाही गरी बाँकी रकम असुल हुनु पर्ने रु. | ४६,५०,६६६.३६ |

| आय शिर्षक | करदाता संख्या | २०७६।७७ को असुल हुन बाँकी | असुली रकम | ०७६।७७ को बाँकी रकम |
|---|---|---|---|---|
| घर जग्गा कर | ३५८९ | २००८८८१.८४ | ४२८८१४.४४ | १५८००६७.४० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| व्यवसाय कर | २६९३ | ३४१०९३०.२६ | ११२२२५३.२१ | २२८८६७७.०५ |
| घर बहाल कर | ४२४ | ९५३२७३.९१ | १७१३५२.०० | ७८१९२१.९१ |
| | | | **जम्मा** | **४,६५०,६६६.३६** |

२१. **कर तथा शुल्क असुलीः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५, ५७, ५८** र **५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १०००००००.०० | ४२८८१४.४४ | ४२.८८ |
| घरजग्गा वहाल कर | १०००००००.०० | ३४७६६९९.१३ | १४७.६७ |
| व्यवसाय कर | ४०००००००.०० | ११२२२५३.२१ | २८.०५ |
| वहाल विरौटी शुल्क | १०००००.०० | ६४९२१.०१ | ६४.९२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२२. **मनोरञ्जन करः-** राजविराज नगरपालिकाको आर्थिक ऐन, २०७६ मा चलचित्र घरहरुमा चलचित्र प्रदर्शन गर्न दर्शकहरुबाट प्रति टिकट ३ प्रतिशतका दरले मनोरञ्जन कर असुल गरी त्यस्तो करको ६० प्रतिशत स्थानीय सञ्चित कोष र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था छ।यस नगरपालिका अन्तर्गत १ चलचित्र हल संचालन भएकोमा सो बाट यो वर्ष कुनै पनि मनोरञ्जन कर प्राप्त गरेको छैन। कानुन बमोजिम मनोरञ्जन कर लिई बाँडफाँड गर्नुपर्दछ।

- **आयकर एवं मू.अ.कर**

२३. **मूल्य अभिवृद्धि कर कट्टीः-** आर्थिक ऐन,२०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. १,४५६,१४०.७० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ।

| गो.भौ नं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| २-०७६/४/१८ | कालबन्दी कन्ट्रक्सन | ३००२६६२२३ | ४०६०६७.०० | ५२७८८.०० | २६३९४.०० |
| ३-०७६/४/१८ | रिसि कन्ट्रक्सन | ३०३११५३८२ | १७६१७५.०० | २२९०२.७५ | ११४५१.३७ |
| ७-०७६/४/१८ | रुपा निर्माण सेवा | ३०३९२३९८१ | १७५२४७.०० | २२७८२.०० | ११३९१.०० |
| ८-०७६/४/१८ | न्यू बज्रंगवली नि सेवा | ६०७०८८२९० | १७४४६८.०० | २२६८०.०० | ११३४०.०० |
| ९-०७६/४/१८ | गणेश कन्ट्रक्सन | ३०४३३६०२३ | २६४०२०.०० | ३४३२२.०० | १७१६१.०० |
| १०-०७६/४/१८ | आर्यन कन्ट्रक्सन | ६०२६६३३०६७ | ४४११२१.०० | ५७३४५.८० | २८६७२.९० |
| ११-०७६/४/१८ | साई नेपाल विल्डर्स | ६०७७६९४१० | ४४१५३४.०० | ५७३९९.०० | २८६९९.०० |
| १२-०७६/४/१८ | कृति विल्डर्स | ३०२६०६२७८ | ३१७२२१.०० | ४१२३८.७८ | २०६१९.३९ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १३-०७६/४/१८ | आदर्श नेपाल विल्डर्स | ६०७७६९७३५ | ४४०१९५.०० | ५७२२५.३९ | २८६१२.६९ |
| १४-०७६/४/१८ | स्वर्ण ललित नि सेवा | ३००८७०९३० | ४४१४४८.०० | ५७३८८.०० | २८६९४.० |
| १५-०७६/४/१८ | शाह निर्माण सेवा | ३०००१८२६० | ४०६०४५.०० | ५२७८५.९२ | २६३९२.९६ |
| १६-०७६/४/१८ | शिव पार्वती कन्ट्रक्सन | ६०५०६७८८० | ४३९८४०.०० | ५७१७९.२१ | २८५८९.६० |
| १७-०७६/४/१८ | माँ राजदेवी कन्ट्रक्सन | ६०५०६७८६४ | ४४१७२८.०० | ५७४२४.७९ | २८७१२.३९ |
| १८-०७६/४/१८ | वृजेश कन्ट्रक्सन | ३०१९६९४३५ | ३७५९७४.०० | ४८८७६.७२ | २४४३८.३५ |
| १९-०७६/४/१९ | बज्रंगवली कन्ट्रक्सन | ६००६८६९०५ | ४३०३४६.०० | ५५९४५.०७ | २७९७२.५३ |
| २०-०७६/४/१९ | माँ सन्तोषी कन्ट्रक्सन | ६०४८०२१८७ | ४३८२०५.०० | ५६९६६.७२ | २८४८३.३६ |
| २१-०७६/४/१९ | माँछिन्नमस्ता नि सेवा | ६०६२१२५६४ | ३५३७२९.०० | ४५९८४.७७ | २२९९२.३८ |
| ३०-०७६/४/११ | डि पि देव नि सेवा | ३०१४४४६३५ | ४२४२७५.०० | ५५१५५.०० | २७५७७.०० |
| ३१-०७६/४/११ | महेन्द्र निर्माण सेवा | ३००१३४७५९ | ३४३७२०.०० | ४४६८३.७१ | २२३४१.८५ |
| ३२-०७६/४/१९ | आर वि कन्ट्रक्सन | ६०५४९७६६९ | ४३०९६७.०० | ५६०२५.७४ | २८०१२.८७ |
| ३३-०७६/४/१९ | माधुरी निर्माण सेवा | ३००४४५३०७ | ३५३०८८.०० | ४५९०१.४७ | २२९५०.७३ |
| ३५-०७६/४/१९ | सक्षम निर्माण सेवा | ६०७७०४६६८ | ४४२४५१.०० | ५७५१८.६६ | २८७५९.३२ |
| ११२-०७६/४/३१ | वाबा धर्मराज नि सेवा | ६०७६०३०७७ | ४४१८६१.०० | ५७४४२.०२ | २८७२१.०१ |
| १३०-०७६/५/२ | शाहिद निर्माण सेवा | ६०६६३२७४२ | ४४०८६१.०० | ५७३११.९८ | २८६५५.९९ |
| १३१-०७६/५/२ | अनमोल विल्डर्स | ३००२६४२३० | २१९६५९.०० | २८५५७.०७ | १४२७८.५३ |
| १५०-०७६/५/९ | हरिओम सि ई क | ३०३९२०१८८ | ४४०२३७.०० | ५७२३०.९२ | २८६१५.४६ |
| १५२-०७६/५/९ | न्यू युनिक निर्माण सेवा | ३०२९१०३६२ | ४३९७५०.०० | ५७१६७.५७ | २८५८३.७८ |
| १५३-०७६/५/९ | वृजेश कन्ट्रक्सन | ३०१९६९४३५ | २८५०५४.०० | ३७०५७.१२ | १८५२८.५५ |
| १५६-०७६/५/११ | अमर श्री ट्रेडर्स | ३०३०६०७२३ | ४३९६०४.०० | ५७१४८.५२ | २८५७४.२६ |
| १५८-०७६/५/११ | हिमान्सु निर्माण सेवा | ३००२६६५७७ | ४१३३५३.०० | ५३७३५.०० | २६८६८.८८ |
| १७४-०७६/६/५ | माझी निर्माण सेवा | ३०१८३५९३६ | ४४२२१५.०० | ५७४८७.२९ | २८७४३.६४ |
| १८३-०७६/६/६ | कृति विल्डर्स | ३०२६०६२७८ | ४३९१७१.०० | ५७०९२.२६ | २८५४६.१३ |
| २१७-०७६/१०/४ | भ्यालि कन्ट्रक्सन | ६००८६२६८८ | ६०००८७.०० | ७८०११.३६ | ३९००५.६८ |
| २१८-०७६/१०/४ | म्यागपाई इ टेक प्रा लि | ६०१८७७४६७ | १७२४८४९.० | २२४२३०.४७ | ११२११५.२३ |
| २२३-०७६/१०/१७ | न्यू गहिल कन्ट्रक्सन | ३१७३३८४७ | १०२२८६५.० | १३२९७२.४५ | ६६४८६.२२ |
| ३१०-०७७/३/२५ | जालपा निर्माण सेवा | ३०१०२९५४२ | ४३९६४२.०० | ५७१५३.५४ | २८५७६.७७ |
| ३११-०७७/३/२५ | नेशनल निर्माण सेवा | ६००४७२४४७ | ४२९२९२.०० | ५५८०७.०० | २७९०३.०० |
| ४०४-०७७/३/३१ | आयुष टेड्र्स | ६०९३७२१४६ | १११३१२९.०० | १४४७०४.० | ७२३५२.०० |
| २८-०७७/३/३१ | कन्टेक चण्डेश्वरी | ६१०५३३८११ | ४९१७३३६.० | ६३९२५३.७७ | ३१९६२६.८८ |
| | | **जम्मा** | **२२,४०६,८२९.००** | **२,९१२,८८१.८४** | **१,४५६,१४०.७०** |

तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

१४,५६,१४०.७०

२४. **नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. ८६६,८११.०० समेत रु.७५३४५७९।० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर |
|---|---|---|---|---|

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | कर रकम |
|---|---|---|---|---|
| ७-०७६/५/०२ | नागाज ट्रेडर्स | ६१०६८७८५३ | ३८२२००.० | ४९६६६.० |
| २०-०७६/६/३ | सांग्रिला इन्फरमेटिक्स | ३०१५४४७७३ | २३४१००.० | ३०४३३.० |
| ६३-०७६/६/१५ | जय माँ छिन्नमस्ता एजेन्सी | ६०८४९६५३३ | ९८०२३.० | १२७४३.० |
| ६७-०७६/६/१५ | एकता अफसेट प्रेस | ६१०६८७८५३ | ३५०४००.० | ४५५५२.० |
| ७२-०७६/६/१६ | फेमश स्टेशनरी सप्लार्यस | ६०६२८६९६९ | १३१५००.० | १७०९५.० |
| ७५-०७६/६/१६ | जय माँ काली ट्रेर्डस | ६१०७४०१३६ | ११०८४००.० | १४४०९२.० |
| १७४-०७६/११/१४ | देव एण्ड सन्स विजनेश सेन्टर | ६०८४९६४२७ | ४०१६७७.० | ५२२१८.० |
| २२२-०७६/१२/३ | जय माँ काली ट्रेर्डस | ६१०७४०१३६ | २८७२७७.० | ३७३४६.० |
| २४२-०७७/१/७ | न्यू होटल राज | ६१३२४५५७८ | १५१०००.० | १९६३०.० |
| २४८-०७७/१/३० | न्यू होटल राज | ६१३२४५५७८ | २६८१००.० | ३४८५३.० |
| ३००-०७७/२/३० | देव एण्ड सन्स विजनेश सेन्टर | ६०८४९६४२७ | ८३१२३.० | १०८०६.० |
| ३०२-०७७/२/३१ | यशोदा फर्मा लिङ्क | ६०८५५१९३१ | २३९२७७.० | ३११०६.० |
| ३१७-०७७/३/४ | शिवम ट्रेडिङ्ग एण्ड विजनेश हाउस | ६०४७७५३६४ | १५२०१५.० | १९७६२.० |
| ३१७-०७७/३/४ | आर ईन्टरप्राईजेज | ६०५४७४०११ | ९२१००.० | ११९७३.० |
| ३१७-०७७/३/४ | ॐ शान्ति देव ट्रेर्डस | ३०४८००१५३ | २१०१७७.० | २७३२३.० |
| ३६६-०७७/३/२५ | शिवम ट्रेडिङ्ग विजेनस हाउस | ६०४७७५३६४ | ३३६१६९.० | ४३७०२.० |
| ३७८-०७७/३/२५ | एकता ट्रेर्डस सप्लार्यस | ६०३१५९५८१ | ४७७२१५.० | ६२०३८.० |
| ३६८-०७७/३/२६ | माँ भगवती सप्लार्यस | ३००१३६८३२ | ३१४८००.० | ४०९२४.० |
| ३९६-०७७/३/२६ | सिद्धान्त कन्ट्रक्सन | ६०७८१९६४३ | १७४६३८.० | २२७०४.० |
| ३९९-०७७/३/२६ | रिषि कन्ट्रक्सन | ३०३११५३८२ | ३५१६०८.० | ४५७०९.० |
| ४०८-०७७/३/२७ | दिपक ट्रेर्डस | ६००३४९१६७ | २०९८४६.० | २७२८०.० |
| ४६२-०७७/३/३१ | शिवम ट्रेडिङ्ग विजेनस हाउस | ६०४७७५३६४ | १७३०९२.० | २२५०२.० |
| **प्रकोप व्यवस्थापन** ४६२-०७७/३/३१ | जय माँ छिन्नमस्ता एजेन्सी | ६०८४९६५३३ | ४४१०३१.० | ५७३३४.० |
| | | जम्मा | ६,६६७,७६८.० | ८६६,८११.० |

कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु. ८,६६,८११.००

- **उपभोक्ता समिति मार्फत कार्य**

२५. **उपभोक्ता समितिमार्फत निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोड सम्मको श्रममूलक कामहरु उपभोक्ता समिति मार्फत गराउन सक्ने र सो गराउँदा आवश्यक प्रकृया पुऱ्याउनुपर्ने उल्लेख छ। सो सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छनः

२६. **उपभोक्ता समिति दर्ताः** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन। कार्यालयले यस वर्ष सम्झौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेट परेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी सयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २७. | **उपभोक्तासँग सम्झौता**:- सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ९७ उपनियम (२) बमोजिमको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्नेछ। त्यस्तो सम्झौतामा देहायको कुराहरू उल्लेख गर्नु पर्नेछ। निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि हुनुपर्ने उल्लेख छ। पालीकाले उपभोक्ता समितिसँगको योजनाको बिल भरपाई राखि खर्च लेख्दा सम्झौता मिति, योगदान, सम्पन्न गर्नुपर्ने मिति, पालीकाको बजेट तथा उपभोत्ता समितिको जनश्रमदान को बारेमा उल्लेख नगरी केबल बिलभरपाईहरु संलग्न गरि खर्च लेखेको छ। जसबाट उल्लेखित कुराहरु प्रति यकिन हुन सक्ने अवस्था भएन । | |
| २८. | **सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुवाई**:- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुवाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । पालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेता पनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो। सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई को व्यबस्था गरि बित्तिय पारदर्शिता र जबाफ देहिताको पालना गर्नुपर्दछ । | |
| २९. | **आयोजना हस्तान्तरण**: सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ। यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन। जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ। अतः सम्पन्न आयोजनहरु सम्बन्धित उपभोक्ता समिति मार्फत नै कार्यान्वयन, संचालन, मर्मत र स्वामित्व ग्रहण गर्ने व्यवस्था सम्झौतामै उल्लेख गर्ने व्यवस्था गरी उपभोक्ता समिति मार्फत काम गराउनु पर्दछ । | |
| ३०. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर पालिकाले उक्त प्रक्रियावेगर फरक फरक मितिमा रु.२४१३८७०।५२ का औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |
| ३०.१. | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| ३०.२. | आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| ३०.३. | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ३०.४. | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ३०.५. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३१. | **सवारीसाधन खरिद** -अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.५७२३००।० खर्च गरेका छ। | |
| | **आम्दानी तर्फः** | |
| ३२. | **रकम ढिला दाखिला गर्ने** - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| ३३. | **रसीद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ। पालिकाले राजश्व असूलीमा प्रयोग हुने रसिद को छपाई एवं गत विगतको बाँकी र यो वर्ष खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा वडाहरुमा पठाएको रसिदको आम्दानी खर्च (उपयोग) खुल्ने अभिलेख रसीद नियन्त्रण खाता अद्यावधिक नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाइ नगद दुरुपयोगको जोखिमलाई न्यूनिकरण गर्नुपर्दछ। | |
| ३३.१. | **रसिदको प्रयोगः** यो वर्ष १६ वडालाई के कति नम्बरका कति ठेली नगदी रसिद र मालपोत रसिद ठेली बुझाएको हो, सो को के कति प्रयोग भयो भन्ने विषयमा लेखा परीक्षणका क्रममा रसिद ठेलिहरु पेश हुन नआएकोले एकिन गर्न सकिएन। वडाहरुले रसिद अनुसारको रकम बैक दाखिला भएको छ भनी यकिन गर्न सक्ने अवस्था रहेन। अतः नगरपालिकाले प्रयोग भएको रसिद ठेली फिर्ता माग गरी सो अनुसार असुल राजस्व रकम दाखिला भए नभएको यकिन गर्नुपर्ने देखिन्छ। | |
| | **सामाजिक सुरक्षातर्फ** | |
| ३४. | **सामाजिक सुरक्षा**- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले भत्ता बापतको सबै निकासा रकम लाभाग्राहीको खातामा जम्मा गर्न बैकमा रु१२९१५२४००।० पठाएको देखिन्छ।पठाएको रकम मध्ये के कति वितरण भयो मौज्दात रहे नरहेको बैक स्टेटमेन्ट पेश हुन नआएकोले एकिन हुन सकेन। | |
| | **विपद् व्यवस्थापन** | |
| ३५. | **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ३६. | **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ३७. | **विपद् व्यवस्थापन कोषः—** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ। पालिकाले गत वर्षको मौज्दात समेत रु.१८०,००,०००।०० आम्दानी भई रु.१,३९,०८,४५४।८५ खर्च गरी बाँकी रु.४०,९१,५४५।१५ देखिन्छ।पालिकाले खर्च मध्ये रु.१,३९,०८,४५४।८५ राहत भुक्तानी गरेको देखिन्छ। ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३८. | **वार्षिक प्रतिवेदनः—** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३९. | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः</td><td></td></tr>
<tr><td>३९.१.</td><td>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४०.</td><td>नगर भित्रको फोहोर व्यवस्थापनः- नगरपालिका भित्र विभिन्न स्थान, सडक पेटी, नाला, घना आवादी क्षेत्रमा अत्याधिक फोहोर देखिन्छ। सो फोहोर व्यवस्थापनको लागि नगरपालिकाले यो वर्ष मात्र स्वीपरको ज्याला रु.७२,९०,०००।००, सफाईका समानमा रु.१०,००,०००।०० समेत रु.८२,९०,०००।०० खर्च गरेको छ। यति ठूलो रकम सरसफाईमा खर्च भएपनि अपेक्षित रुपमा फोहोर व्यवस्थापन गरेको देखिदैन। तसर्थः यसको लागि नगरपालिकाले दिर्घकालिन कार्ययोजना बनाई नगरभित्र र नगरबाहिर बाट नगर प्रवेश गर्ने जनताको स्वास्थ्य जीवन यापन गर्ने अधिकारको सुनिश्चितता प्रदान गरी नगर क्षेत्रलाई स्वच्छ, सफा, सुन्दर र हराभरा बनाउनु पर्दछ।नगरपालिका भित्र र नगरपालिका परिसर नजिकै को सडकको अवस्था चित्र प्रष्ट हुन्छ।<br>
<br>
परिसर नजिकको सडकको अवस्था<br>
<br>
कार्यालय भित्रको अवस्था</td><td></td></tr>
<tr><td>४१.</td><td>योजना अर्को आ.व.मा जिम्मेवारी सारेकोः नगरपालिकाको बजेट तथा कार्यक्रम अनुरुप सबै योजाहरु तोकिएको आ.व.मा सम्पन्न गर्नुपर्नेमा आर्थिक वर्ष २०७६।०७७ मा सम्पन्न गर्ने गरी बजेट तथा कार्यक्रममा स्वीकृत भएका मध्ये केही योजनाहरुको कुनै कार्य नगरी आ.व.०७७।०७८ लाई जिम्मेवारी सारी २०७७।०७८ को बजेटमा पुनःसमावेश गरेको देखियो। तोकिएको आर्थिक वर्षमा सम्पन्न गर्नुपर्ने योजनाहरु जिम्मेवारी सार्दै जाँदा कार्यबोझ थपिदै जाने तथा जनता आधारभूत सूविधा बाट बन्चित हुनुपर्ने अवस्था आउन सक्ने हुनाले तोकिएकै आ.व.मा सम्पन्न गरी सेवा प्रवाहलाई अझै प्रभावकारी बनाउनु पर्दछ। केही उदाहरण निम्न छनः
<table>
<tr><th>योजना।कार्यक्रमको नाम</th><th>वडा नं.</th><th>बजेटमा समावेश भएको आ.व.</th><th>जिम्मेवारी सारेको आ.व.</th><th>रकम</th></tr>
<tr><td>नारायण यादवको घर देखि बन्ने बाटो तथा नाला</td><td>२</td><td>२०७६।०७७</td><td>२०७७।०७८</td><td>४०००००.००</td></tr>
<tr><td>रुपक सिंहको घर देखि पश्चिम सडक तथा नाला निर्माण</td><td>२</td><td>२०७६।०७७</td><td>२०७७।०७८</td><td>४०००००.००</td></tr>
<tr><td>नारायण यादवको घर देखि चन्दन</td><td>२</td><td>२०७६।०७७</td><td>२०७७।०७८</td><td>१०००००.००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>सिंहको घरसम्म बन्ने बाटो</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>प्रजनन सम्बन्धि जनचेतनामूलक कार्याक्रम</td><td>२</td><td>२०७६।०७७</td><td>२०७७।०७८</td><td>१०००००.००</td></tr>
<tr><td>दलितलाई सरसफाई सम्बन्धि चेतनामूलक कार्यक्रम</td><td>२</td><td>२०७६।०७७</td><td>२०७७।०७८</td><td>२०००००.००</td></tr>
<tr><td>अपांग अल्पसंख्यक समुदायलाई जनचेतना मूलक कार्यक्रम</td><td>२</td><td>२०७६।०७७</td><td>२०७७।०७८</td><td>१०००००.००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१,३००,०००.०</td></tr>
</table>
त्यस्तै २ नं वडामा आ.व.२०७६।०७७ मा संचानल गर्ने गरी बजेट तथा कार्यक्रम समावेश भएको सिपमूलक कार्यक्रम सिप विकासको लागि विनियोजन भएको रु.३०००००।० को कार्यक्रम संचालन गरेको देखिएन। वृद्धहरुलाई प्रोत्साहन स्वरुप छाता, लौरी तथा सल वितरण गर्न स्वीकृत भएको रु.२०००००।०बाट स्वीकृत कार्यक्रम अनुरुप कार्यक्रम संचालन नगरी २ नं. वडाको ०७७।२।१४ को निर्णयले सो रकमलाई विषद व्यस्थानमा रुपान्तरण गरी कोरोना भाईरस नियन्त्रणका लागि खर्च गर्ने निर्यण अनुसार खर्च गरेको देखियो। तर सो कार्यक्रम संशोधन कार्यपालिका बाट हुनुपर्नेमा कार्यक्रम संशोधन तथा कार्यपालिकाको निर्णय बेगर खर्च गरेकोले अनियमित रु.</td><td>२,००,०००.००</td></tr>
<tr><td>४२.</td><td>कार्य सम्पन्न प्रतिवेदनः- नगरपालिकाले नगर शिक्षा समितिको निर्णय अनुसार नगरपालिकाको क्षेत्र भित्रका विभिन्न विद्यालयहरुलाई विद्यालय भौतिक पूर्वाधार विकास र व्यवस्थापन कार्यक्रमबाट विद्यालय भवन निर्माण गर्न देहायका विद्यालयलाई रकम निकासा गरेकोमा लेखापरीक्षण अवधि सम्म पनि विद्यालय भवन निर्माण कार्य सम्पन्न भएको देखिएन। तसर्थः सम्झौता अनुसार भवन निर्माण कार्य सम्पन्न गरी सो को प्राविधिक जाँचपास तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>जनसेवा आ.वि. मलेठ रा.वि.९</td><td>२ कोठे ब्लक</td><td>१६०००००.००</td></tr>
<tr><td>३.</td><td>बाल मन्दिर आ.वि. रा.वि.१५</td><td>रेक्ट्रोफिटिङ</td><td>१५०००००.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३,१००,०००.००</td></tr>
</table></td><td>३१,००,०००.००</td></tr>
<tr><td>४३.</td><td>सित भण्डार निर्माणः- नगरपालिका र जिल्ला सहकारी संघ बिच ३००० मे.टन क्षमताको सितभण्डार साझेदारीमा निर्माण गर्न २०७४।१२।१३ मा सम्झौता भएको छ। निर्माण कार्यको लागि ओमसाइराम जे.भि. सँग २०७७।२।१५ मा कार्य सम्पन्न गर्नेगरी २०७५।९।१६ मा रु.२२५१७१६४५।०० को सम्झौता भएको छ। सम्झौता अनुसार २०७७।२।१५ मा कार्य सम्पन्न हुनुपर्नेमा २०७६।३।२९ मा प्रथम र दोस्रो रनिङ विल वापत रु.३०१२५४९५।१६ मात्र भुक्तानी गरेको आधारमा सो अवधि सम्म १३.३७ प्रतिशत सम्म मात्र कार्य भएको देखिन्छ। सो भन्दा पछि हालसम्म कुनै रकम भुक्तानी गरेको देखिंदैन। सम्झौता अवधि भित्र १३.३७ प्रतिशत मात्र कार्यगर्ने निर्माण व्यवसायीको म्याद २०७७।२।१५ देखि २०७८।२।१८ सम्म जिल्ला सहकारी संघ को ०७७।२।१० को निर्णयले म्याद थप गरेको देखिन्छ। लेखापरीक्षण अवधि २०७७।९।१० सम्म पनि सो भन्दा बढी कार्य नभएको देखिंदा म्याद थप भएको अवधिमा समेत कार्यसम्पन्न गर्न सक्ने अवस्था देखिदैन। समयमा नै कार्य सम्पन्न गराउन सम्बन्धित निकायहरु को ध्यान जानु पर्दछ।</td><td></td></tr>
<tr><td></td><td>• न.पा. पूँजिगत तर्फः</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४४. | **बढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकम भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँचगरी मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर देहायका उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिँदा बढी भुक्तानी गरेको पाइएकोले असुल हुनुपर्ने रु. | ३८,६६४.२६ |

| गौ.भा.नं. र मिति | उ.स.को नाम | कार्य | दिनुपर्ने | दिएको | बढि |
|---|---|---|---|---|---|
| ५८-०७६/४/१९ | कृष्ण उ.स. | राधाकृष्ण मंदिर निर्माण | ८७५०००.० | ९०००००.० | २५०००.० |
| ८७-०७६/४/२० | सडक मर्मत उ.स. | विभिन्न सडक स्तरोन्तती | ४८६३३५.७४ | ५०००००.० | १३६६४.२६ |
| | | **जम्मा** | **१,३६१,३३५.७४** | **१,४००,०००.००** | **३८,६६४.२६** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४५. | **अग्रिम आयकरः** आयकर ऐन, २०५८ को दफा ८९(३)क अनुसार उपभोक्ता समितिलाई पचास लाख भन्दा बढीको भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आय कर कट्टा गरी दाखिला गर्नुपर्ने व्यवस्था छ। देहाय बमोजिमका उपभोक्ता समिति सँग पचास लाख भन्दा बढी भुक्तानी गर्नेगरी सम्झौता भएको देखियो।ऐन अनुसार भुक्तानीमा १.५प्रतिशत अग्रिम आयकर कट्टा गरेको नदेखिएकोले असुल गरी दाखिला हुनुपर्ने रु. | ५,१६,७४८.० |

| गौ.भा.नं. र मिति | कार्य | उ.स.को नाम | सहभागिता बाहेक भुक्तानी गर्ने रकम | हाल भुक्तानी भएको रकम | कर |
|---|---|---|---|---|---|
| ५-०७६/४/१८ | नाला निर्माण | मा भगवती कोल्ड स्टोर उ.स. | ६५०३७८२.८६ | ५८५३४०४.५७ | ८७८६१.० |
| ९६-०७६/४/२१ | सडक निर्माण | कोलेनिका गल्ली सडक निर्माणउ.स. | ७८५६२२१.५३ | ७०७०५९९.३८ | १०६०५९.० |
| २७८-०७७/२/२२ | वडा नं ६ कार्यालय भवन निर्माण | भवन निर्माणउ.स. | ५३५८५२२.५७ | १२७९३७५.०० | १९१९०.० |
| ३३९-०७७/३/३६ | वडा नं ६ कार्यालय भवन निर्माण | भवन निर्माण उ.स. | ५३५८५२२.५७ | २२२०३६२.०९ | ३३३०६.० |
| ३४२-०७७/३/२७ | वडा नं ८ कार्यालय भवन निर्माण | भवन निर्माण उ.स. | ५३५८५०२.५७ | ३५१६५८१.०० | ५२७४९.० |
| ३९८-०७७/३/३० | वडा नं ३-८ सडक निर्माण | मा भगवती उ.स. | ५७८५५१५.०० | १२८५५५०.०० | १९२८४.० |
| **<u>संघीय सर्शत</u>** १६-०७७/३/२६ | वडा नं २ कार्यालय भवन निर्माण | भवन निर्माण उ.स. | ५३५८४९९.८२ | ३६६९९३९.४१ | ५५०४९.० |
| **<u>प्रदेश हस्तान्तरित</u>** ४-०७७/३/१३ | सामूदायीक भवन निर्माण | भवन निर्माण उ.स. | ८९५००००.०० | ९५४९९९९.०० | १४३२५०.० |
| | | | | **जम्मा** | **५१६,७४८.०** |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४६.</td><td>टुक्रे योजनाः नगरपालिकाले बजेट तयार गर्दा ठूला र परिमाणमुखी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्नेमा साना अधिकांश साना योजना छनौट गरी संचालन गरेको छ। साना योजना संचालन गर्दा दिगोपन नरहने तथा जनताले अपेक्षित लाभ प्राप्त गर्न नसक्ने हुँनाले ठूला र परिमाणमुखी योजनाहरु संचालन गर्न पर्ने देखिन्छ। उदाहरण निम्न छनः
<table>
<tr><th>गौ.भा.नं. र मिति</th><th>योजनाको नाम</th><th>रकम</th></tr>
<tr><td>१५३-०७६/५/९</td><td>सडक निर्माण</td><td>३२२१११.००</td></tr>
<tr><td>१६२-०७६/६/३</td><td>विहिवारथान बाटो निर्माण</td><td>२०००००.००</td></tr>
<tr><td>१६३/०७६/६/३</td><td>डगरिनथान निर्माण</td><td>४९७४९.००</td></tr>
<tr><td>१६५/०७६/६/३</td><td>सुतिहार टोल बाटो निर्माण</td><td>२०००००.००</td></tr>
<tr><td>१६६/०७६/६/३</td><td>साहुटोल सढक निर्माण</td><td>१५००००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४७.</td><td>जिन्सी आम्दानी नबाँधेकोः (१५-६०७६।५।११) आर्थिक कार्यविधि नियमावली,२०६४ अनुसार कार्यालयले खरिद गरेको वा जुनसुकै स्रोतबाट प्राप्त गरेका सामानहरु मूल्य खुलाई ७ दिन भित्र आम्दानी बाध्नुपर्ने व्यवस्था छ। अमन श्री ट्रेर्डस एण्ड सप्लार्यस बाट २६६७५ बोरा रु.४९६७५२।५२ मा खरिद गरेको मा जिन्सी खातामा आम्दानी बाँधेको देखिएन। सोको प्रयोग सम्बन्धमा विश्वस्त हुनसक्ने मागफाराम, हस्तान्तरण फारम समेत पेश भएन। तसर्थः खर्च भएको पुष्टि गर्ने प्रमाण पेश गर्ने अन्यथा असूल हुनुपर्ने रु.</td><td>४,९६,७२५.५२</td></tr>
<tr><td>४८.</td><td>खर्चको यथार्थताः पालिकाले विपद व्यवस्थापनको लागि भनि विभिन्न साइजका २० थान ह्यूमपाईप बजरंग ट्रेर्डस एण्ड सप्लार्यस बाट खरिद गरी रु.४९८५५६।० भुक्तानी गरेको छ। ह्यूमपाईप कुन स्थानमा राखिएको हो सो को प्राविधिक जाँचपास तथा कार्यसम्पन्न प्रतिवेदन पेश भएन। तसर्थः खरिद भएका सबै ह्यूमपाईप प्रयोग भएको देखिने प्राविधिक जाँचपास, प्रतिवेदन तथा अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td>४,९८,५५६.००</td></tr>
<tr><td></td><td>• संघीय हस्तान्तरित कार्यक्रम</td><td></td></tr>
<tr><td>४९.</td><td>लागत अनुमानः सुरक्षित आवाश कार्यक्रमको लागि संघीय आयोजना कार्यान्वयन ईकाई।सघन सहरी भवन निर्माण आयोजनाले लाभग्राही छनौट गरी पठाएको आधारमा राजविराज न.पा.वडा नं. ९,११ र १२ का १६१ लाभग्राही लाई फुसको घरको छाना हटाउने कार्यको लागि प्रतिघर रु.३००००।० का दरले रु.४८३००००।० भुक्तानी खर्च लेखेको छ। निकासा गर्नुपूर्व लागत अनुमान तयार हुनुपर्नेमा लागत अनुमान तयार गरेको छैन। प्रथम किस्ता भनि लक्ष्मी बैकमा रकम निकासा गरेकोमा सम्बन्धित लाभग्राहीको खातामा दाखिला भएको प्रमाण पेश भएन। तसर्थः निकासा भएको रकमको उपयोग सम्बन्धमा लाभग्राहीको खातामा दाखिला भएको प्रमाण लागत अनुमान, प्राविधिक जाँचपास, मूल्यांकन तथा अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td>४८,३०,०००.००</td></tr>
<tr><td></td><td>• राष्ट्रिय परिचयपत्र तथा पंजिकरण तर्फः</td><td></td></tr>
<tr><td>५०.</td><td>जिन्सीः आर्थिक कार्यविधि नियमावली,२०६४ अनुसार कार्यालयले प्राप्त गरेको जुनसुकै सामान जिन्सी दाखिला गरी खर्च गर्नुपर्दछ। तर तपशिल बमोजिम खरिद भएका सामान जिन्सी दाखिला गरेको नदेखिएकोले दाखिला तथा सोको उपयोग भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>सामानको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>कार्टेज लगायतका सामान</td><td>सुभनित ट्रेर्ड एण्ड सप्लार्यस</td><td>९९३२७.००</td></tr>
<tr><td>" " "</td><td>" " "</td><td>१०९६१.००</td></tr>
<tr><td>" " "</td><td>देव एण्ड सन्स विजनेस सेन्टर</td><td>९६३३२.३६</td></tr>
</table></td><td>२,०६,६२०.३६</td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **जम्मा** **२०६,६२०.३६** | |
| | • **न.पा.चालु (राजश्व बाँडफाड तर्फ)** | |
| ५१. | **कर कट्टीः** पालिकाले कार्यरत कर्मचारीहरु मध्ये उत्कृष्ट कार्य सम्पादन गर्ने ३ जना कर्मचारीलाई जनही रु२५००१।० का दरले पुरस्कार रकम खर्च लेखेको छ। उक्त पुरस्कार रकममा २५ प्रतिशतले कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत मात्र करकट्टी गरेको ले बाँकी कर सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | १७,९९७.७५ |

| कर्मचारीको नाम | पुरस्कार रकम | कर कट्टी हुने रकम | कर कट्टी भएको रकम | कर कट्टी हुने रकम |
|---|---|---|---|---|
| शा.अ. प्रफूल्ल श्रेष्ठ | २५००१.०० | ६२५०.२५ | २५१.०० | ५९९९.२५ |
| स.म.वि.नि.देविता यादव | २५००१.०० | ६२५०.२५ | २५१.०० | ५९९९.२५ |
| का.स. प्रथम यादव | २५००१.०० | ६२५०.२५ | २५१.०० | ५९९९.२५ |
| **जम्मा** | **७५,००३.००** | **१८,७५०.७५** | **७५३.००** | **१७,९९७.७५** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५२. | **बढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकम भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँचगरी मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर देहायका भुक्तानिहरुमा बढी भुक्तानी गरेको पाइएकोले असुल हुनुपर्ने रु. | ५,००,००२.४९ |

| गो.भा.नं. र मिति | भुक्तानी पाउनेको नाम | कार्य।बापत | दिनुपर्ने | दिएको | बढि |
|---|---|---|---|---|---|
| ५-०७६/५/१ | चाँद ईलेक्टोनिक्स | विद्युतिय सामान खरिद | ३००३०.० | ३७३३०.० | ३७००.० |
| १२९-०७६/९/२७ | पुरानो माँ भगवती स्वीट कर्नर | चिया नास्ता | २६९८१५.० | २९४३८५.० | २४५७०.० |
| १४६-०७६/१०/०४ | कर्मचारीको भ्रमण भत्ता | दैनिक भ्रमण भत्ता | २९०७५०.० | ३०१४५०.० | १०७००.० |
| २११-०७६/११/२१ | ह्यायात ट्रेर्डस | विद्युतीय सामान | ७१४२७.३० | ७४८१६.० | ३३८८.७० |
| २२०-०७६/१२/०६ | दिप ट्रेडर्स | फर्निचर सामान | २८२५००.० | ४७१५२६.० | १८९०२६.० |
| २५७-०७७/०१/३१ | मदन कु थापा | दैनिक भत्ता | १७०००.० | १७५००.० | ५००.० |
| ३३१-०७७/०३/०८ | कल्पना देव | व्यूटिपार्लर तालिम संचालन | १७३०००.० | २०००००.० | २७०००.० |
| ३७४-०७७/०३/२५ | परमेश्वर यादव | पशूपंक्षी विकास कार्यक्रम | १३५०३६.३५ | १३८८८३.० | ३८४६.६५ |
| ३७७-०७७/०३/२५ | मागि लाल नाई | कोरोना नियन्त्रण | २४७८०९.० | २४९९५६.० | २१४७.० |
| ३७८-०७७/०३/२५ | शम्भु प्रसाद यादव | कार्यालय सामान खरिद | ११९१२२६.० | १२०००००.० | ८७७४.० |
| ३८२-०७७/०३/२६ | हुमा जेनरल स्टोर्स | कार्यालय सामान खरिद | ५६०४८.० | ५७६०५.१४ | १५५७.१४ |
| ३८६-०७७/०३/२६ | माँ भवगती सप्लार्यस | खानेपानी सामाग्री खरिद | २८४७९६.० | ३१४८०१.० | ३०००५.० |
| ३९२-०७७/०३/२६ | भद्रकाली ईलेक्ट्रोनिक्स | गाडी मर्मत | ४२२००.० | ६६८८३.० | २४६८३.० |
| ४२८-०७७/०३/२८ | बुचाई दास | वडा संचालन खर्च | ४३६४५२.० | ४३८६६५.० | २२१३.० |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>४३७-०७७/०३/२९</td><td>अलवेज हरीदेव ईन्टरप्राइजेज</td><td>कार्यालय सामान खरिद</td><td>१०९२०३.०</td><td>१५२६९५.०</td><td>४३४९२.०</td></tr>
<tr><td>संघीय हस्तान्तरित ४४-०७६/१०/०२</td><td>अनार भुपेन्द्रनाथ अस्पिटल प्रा लि</td><td>आमा सुरक्षा कार्यक्रम बापत</td><td>११४६४००.०</td><td>१२६९८००.०</td><td>१२३४००.०</td></tr>
<tr><td>७३-०७६/१२/०४</td><td>हरिवंश यादव</td><td>कार्यक्रम संचालन</td><td>११०००.०</td><td>१२०००.०</td><td>१०००.०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४,७९४,६९२.६५</td><td>५,२९८,२९५.१४</td><td>५००,००२.४९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३.</td><td>स्यानिटरी प्याड खरिदः शिलबन्दी दरभाउपत्रको माध्यमबाट कम कबोल गर्ने यशोधा फर्मा लिंक रु.१९८६८६१।४९ खरिद गरी भुक्तानी गरेको छ। उक्त प्याडहरु वितरण नभई अझै स्टोरमा खर्च नगरी बाँकी देखिन्छ। तसर्थः जुन प्रयोजनको लागि खरिद भएको थियो, कार्यविधि तथा योजना वेगर खरिद गरेको, तथा हालसम्म वितरण नगरेकोले खरिदको गर्नकै लागि मात्र खरिद गरेको देखिन्छ। लामो अवधि सम्म स्टोरमै राख्दा गुणस्तरमा ह्रास आउने तथा प्रयोग गर्ने मिति समेत समाप्त हुने सम्भावना भएकोले कार्यक्रमको आशय अनुरुप कार्यक्रम सम्पन्न गर्नुपर्नेमा नगरेकोले सम्बन्धितलाई जिम्मेवार बनाई आवश्यक कारबाही हुनुपर्ने देखिएको रु.</td><td>१९,८६,८६१.४९</td></tr>
<tr><td>५४.</td><td>पेश्की बाँकीः आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्की रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नाम नामेसी सहित के के बापत पेश्की गएको हो सो समेत खुलाई जिम्मेवारी अर्को आर्थिक बर्षमा सारी प्रमाणित गर्नुपर्ने र यसरी सारिएको पेश्की यस नियमावली बमोजिम फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्न बमोजिम रु. ५,०८,४८,०६७।४९ हालसम्म फछ्र्यौट नगरेको हुँदा जिम्मेवारी सारी नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>१</td><td>खरिदार मो आलम खाँ</td><td>१८,०००</td></tr>
<tr><td>२</td><td>का. स. रामकुमार यादव</td><td>५,००,०००</td></tr>
<tr><td>३</td><td>शर्मा-आशिष-ओम-साईराम जे\भी</td><td>२,६२,७६,६७२</td></tr>
<tr><td>४</td><td>सेफ स्टिल प्रा लि</td><td>८०५८०००</td></tr>
<tr><td>५</td><td>गायत्रिबेली ज.रा.प्रा.बी.</td><td>१५,४३,९११.०७</td></tr>
<tr><td>६</td><td>जिल्ला सहकारी संघ लि.</td><td>१५,३०,२८३.३३</td></tr>
<tr><td>७</td><td>महाकबि देबकोटा आधारभूत बिधालय</td><td>१८,००,०००</td></tr>
<tr><td>८</td><td>मा बैश्नोदेबी काली मन्दिर</td><td>२०,०००</td></tr>
<tr><td>९</td><td>रा.प्रा.बी.पर्साही</td><td>६,८०,७४५</td></tr>
<tr><td>१०</td><td>रा.प्रा.बी.वडा न.५</td><td>५०,०००</td></tr>
<tr><td>११</td><td>श्री जनता राष्ट्रिय प्राथमिक बिधालय</td><td>६,८२,५००</td></tr>
<tr><td>१२</td><td>श्री जनसेबा रा. प्रा. बिधालय, मलेठ</td><td>१५,६०,०००</td></tr>
</table>
</td><td>५,०८,४८,०६७.४९</td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | बेरुजू रकम |
|---|---|---|---|---|
| | १३ | सुनौलो हजार दिन कार्यक्रम देउरी भरुवा-३क खुश्बु यादव | १,४९,८५० | |
| | १४ | सुनौलो हजार दिन कार्यक्रम देउरी भरुवा-३ख रिंकु यादब | १,४९,४३० | |
| | १५ | सुनौलो हजार दिन कार्यक्रम देउरी भरुवा-४ख मुर्ति यादब | १,३७,४४५ | |
| | १६ | सुनौलो हजार दिन कार्यक्रम देउरी भरुवा-५क रुबेदा खातुन | १,४८,९७० | |
| | १७ | सुनौलो हजार दिन कार्यक्रम देउरी भरुवा-६क सोमिन्द्रा साह | १,४२,९०० | |
| | १८ | सुनौलो हजार दिन फर्सैठ-१क,रुबी कु.यादब | १,२५,०६८ | |
| | १९ | सुनौलो हजार दिन फर्सैठ-१ख,अनिता कु. यादब | १,३३,११० | |
| | २० | सुनौलो हजार दिन फर्सैठ-२क,नाबिता कु.राउत | १,३७,०३७ | |
| | २१ | सुनौलो हजार दिन फर्सैठ-२ख,बिभा मण्डल | १,२४,४४० | |
| | २२ | सुनौलो हजार दिन फर्सैठ-३क,पुनम कु.यादब | १,२७,६५३ | |
| | २३ | सुनौलो हजार दिन फर्सैठ-३ख,लुखिया यादब | १,३९,२२५ | |
| | २४ | सुनौलो हजार दिन फर्सैठ-४क,सुनिता यादब | १,३३,३१६ | |
| | २५ | सुनौलो हजार दिन फर्सैठ-४ख,अनिता यादब | १,२५,८१७ | |
| | २६ | सुनौलो हजार दिन फर्सैठ-५क,शुशिला यादब | १,२६,०७२ | |
| | २७ | सुनौलो हजार दिन फर्सैठ-५ख,गुलाब यादब | १,४७,९०० | |
| | २८ | सुनौलो हजार दिन फर्सैठ-६क,संगीता यादब | १,३७,५८२.५० | |
| | २९ | सुनौलो हजार दिन फर्सैठ-६ख,रिता साह | १,३१,४३७ | |
| | ३० | सुनौलो हजार दिन फर्सैठ-७क,सजनी यादब | १,४०,८८७.५० | |
| | ३१ | सुनौलो हजार दिन फर्सैठ-७ख,सबनम खातुन | १,२९,७९५ | |
| | ३२ | सुनौलो हजार दिन फर्सैठ-८क,रिता यादब | १,३९,९९५ | |
| | ३३ | सुनौलो हजार दिन फर्सैठ-८ख,उर्मिला यादब | १,२३,१७५ | |
| | ३४ | सुनौलो हजार दिन फर्सैठ-९क,रुबी यादब | १,४७,१३५ | |
| | ३५ | सुनौलो हजार दिन फर्सैठ-९ख,फुलेश्वरी यादब | १,४८,६६५ | |
| | ३६ | उपभोक्ता समिति वडा न.३ | १३,००० | |
| | ३७ | उपभोक्ता समिति वडा न.५ | ५७,७२५.८४ | |
| | ३८ | उपभोक्ता समिति वडा न.७ | १९,४४० | |
| | ३९ | उपभोक्ता समिति वडा न.८ | ३५,००० | |
| | ४० | उपभोक्ता समिति वडा न.९ | ३५,००० | |
| | ४१ | उपभोक्ता समिति वडा न.९, तेतरी गाछी | २,८०,००० | |
| | ४२ | कृषि सडक मर्मत उपभोक्ता समिति | ५,००,००० | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | बेरुजू रकम |
|---|---|---|---|---|
| | ४३ | नाला उपभोक्ता समिति वडा ५ | १९,२५२.८० | |
| | ४४ | नाला उपभोक्ता समिति वडा ८ | ६५,०५०.७५ | |
| | ४५ | नाला ग्राभेल उपभोक्ता समिति | ४०,००० | |
| | ४६ | नाला निर्माण उपभोक्ता समिति | ३३,००० | |
| | ४७ | बाटो उपभोक्ता समिति वडा ७ | ३५,००० | |
| | ४८ | बाटो निर्माण उपभोक्ता समिति | ११,००० | |
| | ४९ | मिराबाल बिकास उप्वोक्ता समिति | १,०३,०१० | |
| | ५० | रंगशाला सडक निर्माण उपभोक्ता समिति | ४,००,००० | |
| | ५१ | शहरी स्वास्थ्य क्लिनिक निर्माण उपभोक्ता समिति | १२,६८,०६१.७० | |
| | ५२ | शान्तिनगर उपभोक्ता समिति | ३,६५,००० | |
| | ५३ | सडक निर्माण उपभोक्ता समिति | ३५,००० | |
| | ५४ | स्ल्याब उपभोक्ता समिति | ४,००० | |
| | ५५ | ओम प्रकाश साह | ३,००,००० | |
| | ५६ | देबिता कुमारी यादब | ७,५२,३५० | |
| | ५७ | दिनेश प्रसाद साह | ५०,००० | |
| | ५८ | बलराम यादव | २९,००० | |
| | ५९ | बिनोद कुमार राय - भू.पु.वारेश | ४२,५०० | |
| | ६० | बिपिन कुमार देव | १०,००० | |
| | ६१ | महन्थ लाल श्रेष्ठ | १०,००० | |
| | ६२ | मो.समिम मिंया | ५,००० | |
| | ६३ | विजय कुमार देव | ८०,००० | |
| | ६४ | सुरेश कुमार चौधरी | १६,९६० | |
| | ६५ | हरिहर प्रसाद कोइराला | ८,००० | |
| | ६६ | सुरेश कुमार यादव | ५०,००० | |
| | ६७ | दिनेश प्रसाद यादव | २,००,००० | |
| | ६८ | अनिता चौधरी | ९२,००० | |
| | ६९ | शिव नारायण यादव | १६,७०० | |
| | | **जम्मा** | **५,०८,४८,०६७।४९** | |
| ५५. | **आ.ले.प. बेरुजु सम्बन्धमाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ (३) मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औंल्याईएका बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गर्नु गराउनुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको निम्न बमोजिमका बेरुजुहरु अन्तिम लेखापरीक्षण अवधि सम्म फछ्र्यौट भएको देखिएन। | | | |
| ५५.१. | भौ.न. १ बाट रंजिता कुमारी यादवलाई तलब भुक्तानी गर्दा सो को सा.सु. कर रु.८६०।० र भौ.नं.६बाट दोहोरो पोशाक भत्ता रु.१००००।० समेत जम्मा रु.१०८६०।० भुक्तानी | | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भएकोले असूल गरी दाखिला हुनुपर्ने रु. | १०,८६०.०० |
| ५५.२. | ईन्जिनियरिङ्ग कजेज राजविराजको भवन डिजाईन र इस्टिमेट बापत इजिवर्ड ईन्जिनियरिङ्ग प्रा.लि. लाई रु.४९७२००।० र दुर्गा आर्टिटेक्चरलाई रु.४८५९००।० गरी जम्मा रु.९८३१००।० भुक्तानी गरेको देखियो। लागत अनुमान तयार गरी शिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा टुक्रा पारी खरिद गरेकोले अनियमित देखिएको रु. | ९,८३,१००.०० |
| ५५.३. | भौ.न. २२ मा एकुरेसी एम ई पि एण्ड एच भी ए सी सर्भिस प्रा.लि बाट विभिन्न सामाग्री खरिद गरि रु.४३७५८१।०० भुक्तानी गरेको छ। खरिद गरिएका सामान जिन्सी खातामा आम्दानी बाँधी माग फारामको आधारमा खर्च गर्नुपर्नेमा जिन्सी दाखिला नगरी खर्च गरेकोले अनियमित रु. | ४,३७,५८१.०० |
| ५५.४. | राजविराज ईन्जिनियरिङ कलेज निर्माणको लागि सेफ स्टील प्रा लि सँग सम्झौता भएको देखियो। सम्झौता अनुसार कार्य सम्पादन जमानत त्रुटि सच्चाउने दायित्व भन्दा १ महिना बढी २०७९।३।७ सम्मको हुनुपर्नेमा २०७८।७।२४ सम्म मात्र भएकोले म्याद थप हुनुपर्दछ। | |
| | **कोभिड-१९ तर्फः** | |
| ५६. | **कोभिड-१९:** विश्वमाहामारीको रुपमा फैलिएको कोभिड-१९ लाई नियन्त्रण तथा रोगथामको लागि अर्थ मन्त्रालयको च.नं.६९४, मिति २०७६।१२।२१ को पत्रानुसार प्रत्येक स्थानीय तहमा “कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोष” स्थापना गरी सोही कोषबाट खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। यस पालिकाले उपरोक्त अनुसारको कोष गरेको छैन। स्थानीय तहको संचित कोषबाट र प्रदेश कोभिड कोषबाट रकम प्राप्त गरी कोषमा जम्मा नगरी खर्च गरेको छ। | |
| ५६.१. | **आय-व्ययः** नगरपालिकाबाट प्राप्त विवरण अनुसार कोभिड-१९ तर्फ आम्दानी र खर्च निम्नानुसार रहेको छः | |

| आय | | व्यय | |
|---|---|---|---|
| **शिर्षक** | **रकम** | **शिर्षक** | **रकम** |
| गत वर्षको मौज्दात | २००००००.०० | राहत वितरण | १४,३२५,३००.०० |
| प्रदेश कोभिड खाता बाट | १५०००००.०० | क्वारेन्टिन व्यवस्थापन | १५०००००.०० |
| सामानिकरण अनुदान | १९१६८८३०.०० | आइसोलेसन केन्द्र निर्माण संचालन | १९६००००.०० |
| | ० | जनशक्ति परिचालन | ९६७७२५.०० |
| | ० | औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | २३४६९७५.०० |
| | ० | बाँकी मौज्दात | १५६८८३०.०० |
| **जम्मा** | **२२,६६८,८३०.००** | **जम्मा** | **२२,६६८,८३०.००** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५६.२. | **क्वारेन्टीन तथा होल्डिङ सेन्टर व्यवस्थापनः** पालिकाले कोभिड १९ बाट प्रवाहित लाई विभिन्न ५ वटा क्वारेन्टिन मा व्यवस्थापन गरेको देखिन्छ। क्वारेन्टिनमा रहेको बेड संख्या, बसेको संख्या तथा संचालन खर्च देहाय बमोजिम रहेको छ। | |

| क्वारेन्टीन रहेको | निर्माण खर्च | बेड संख्या | आषाढ मसान्तसम्म | खर्च |
|---|---|---|---|---|

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| स्थान | | | क्वारेन्टीनमा बसेको कूल संख्या | |
|---|---|---|---|---|
| राजदेवि | - | १०६ | ३४६ | - |
| साईकृष्ण | - | १२० | ७० | - |
| रविनपा मठेल | - | ३४ | ३४ | - |
| हसन सिद्धिकी माछा हाट | - | ४१ | ८१ | - |
| बाल मन्दीर | - | ११ | २२ | - |
| **जम्मा** | | **३१२** | **५५३** | |

५ वटा क्वारेटिनमा वेड संख्या ३१२ रहेको तथा आषाढ मसान्तसम्म कुल ५५३ जना बसेको विवरण पेश भएको छ। ५ वटा क्वारेन्टीन निर्माण गर्दा कति खर्च भयो सो बारेमा विवरणमा उल्लेख गरेको छैन। पेश भएको आर्थिक विवरण अनुसार क्वारेन्टाई निर्माण र व्यवस्थापनमा रु.१५०००००।० र आईसोलेशन केन्द्र निमार्ण बापत रु.१९६००००।० खर्च लेखेकोमा क्वारेन्टाईन वाईज निर्माण खर्च खुल्न आएन। व्यवस्थापन र निर्माण बापतको खर्च रु.३४६००००।० यथार्थ हो भन्न सक्ने आधार देखिएन।

**५६.३.** **राहत सामाग्री खरिदः** प्रभावितलाई राहत सामाग्री वितरण गर्न ३ वटा विक्रेताको खुला दररेटको आधारमा चामल,दाल,खानेतेल, नुन लगायतका राहत समाग्रीहरु रु १४३२५३००।० को खरिद गरेको देखिन्छ। खरिद गरिएका राहत सामाग्री गुणस्तरयुक्त थिए वा थिएनन, सम्बन्धित विशेषज्ञबाट गुणस्तर परीक्षण गराई मात्र वितरण गर्नुपर्नेमा गुणस्तर परीक्षण नगराई वितरण गरेको देखियो। सामाग्री खरिद गर्नुपूर्व वितरण गर्ने घरधुरी, जनसंख्या तथा वास्तविक रूपमा राहत उपलब्ध गराउने पर्ने घरधुरी,जनसंख्या कति हो सो को आँकलन तथा योजना बेगर खरिद गरेको छ। खरिद प्रकृया प्रतिस्पर्धात्मक तवरले हुनुपर्नेमा खुला कोटेसनबाट खरिद भएकोले मितव्ययी तवरले खरिद भएको छ भन्न सक्ने अवस्था छैन।

**५६.४.** **राहत सामाग्री वितरणः** राहत सामाग्री वितरणको वडागत विवरण निम्न अनुसार छनः

| वडा नं | लाभग्राही परिवार | राहत पाउने जनसंख्या | राहत सामाग्रीको मूल्य |
|---|---|---|---|
| १ | १३७७ | ६८८५ | १५१४७००.०० |
| २ | ६०० | २४०० | ६६००००.०० |
| ३ | ३९० | १५६० | ४२९०००.०० |
| ४ | ५५० | ३३०० | ६०५०००.०० |
| ५ | ५०० | ३००० | ५५००००.०० |
| ६ | १०५० | ६३०० | ११५५०००.०० |
| ७ | ५३१ | ३१८६ | ५८४१००.०० |
| ८ | ३०५ | १८३० | ३३५५००.०० |
| ९ | १६५० | १३२०० | १८१५०००.०० |
| १० | १४८९ | ११९१२ | १६३७९००.०० |
| ११ | ८०० | ४००० | ८८००००.०० |
| १२ | ९६० | ५७६० | १०५६०००.०० |
| १३ | ९६८ | ५८०८ | १०६४८००.०० |
| १४ | ५९८ | ३५८८ | ६५७८००.०० |
| १५ | ७५० | ३७५० | ८२५०००.०० |
| १६ | ४५५ | २२७५ | ५००५००.०० |
| अन्य | ५० | २५० | ५५०००.०० |
| **जम्मा** | **१३०२३** | **७९००४** | **१४.३२५.३००.००** |

पालिकाले बास्तविक राहत प्राप्त गर्ने परिवारको लगत व्यवस्थित गरेको छैन। लगत

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>व्यवस्थित नगरेकोले वास्तविक राहत पाउनेले मात्र लाभ पाए भन्न सक्ने अवस्था छैन। राहत वितरण गर्दा परिवार संख्यालाई आधार बनाई वितरण गर्नुपर्नेमा घरधुरीलाई मात्र आधार बनाई वितरण गरेको देखिन्छ। यसरी समान रुपमा वितरण गर्दा परिवार संख्या कम भएकालाई धेरै दिन र परिवार संख्या बढी भएकाहरुलाई थोरै दिनको मात्र राहत प्राप्त गरेको स्थिति छ। यसबाट वितरण प्रकृया वैज्ञानिक तथा पारदर्शि देखिएन।</td><td></td></tr>
<tr><td>५६.५.</td><td>औषधि किट्स तथा सुरक्षात्मक सामाग्री खरिदः पालिकाले औषधी, सुरक्षा सामाग्री तथा उपकरण खरिद वापत रु. २३४६९७५.०० खर्च लेखेको छ। मास्क, सेनिटाईजर लगायत अन्य सुरक्षात्मक सामाग्री खरिद फरक फरक मितिमा सोझै गरेको देखिएकोले मितव्ययी तवरले खरिद भएको छ भन्न सक्ने अवस्था छैन।</td><td></td></tr>
<tr><td>५६.५.१.</td><td>वितरणको भरपाईः वडास्तरीय योजनाबाट मास्क, सेनिटाइजर लगायत सुरक्षात्मक सामाग्री खरिद बापत देहाय भौचरबाट खर्च लेखेको छ।उक्त सामाग्रीहरु जिन्सीमा आम्दानी बाँधेको छैन।ति सामानहरु वितरण गरेको भनिएको मा सो को वितरण भरपाई समेत पेश नभएकोले वितरण भयो भन्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल हुनुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>विवरण</th><th>भुक्तानी पाउनेको नाम</th><th>रकम</th></tr>
<tr><td>३१७-०७७/०३/०४</td><td>साबुन-४९ पिस, बाल्टी-७५ थान र डिटेल ह्यान्ड बास १७५ थान वितरण</td><td>वडा नं ८ वडा सचिव विजिता भट्टराई</td><td>८७८५२.७६</td></tr>
<tr><td>३३७-०७७/०३/१०</td><td>साबुन, मास्क बाल्टी, स्यानिट्याईजर खरिद बापत खर्च लेखेको सो को परिमाण नखुलेको र वितरणको भरपाई नभएको</td><td>वडा नं २ का वडा अध्यक्षको नाममा भुक्तानी भएको</td><td>१९६९१८.००</td></tr>
<tr><td>४१३-०७७/०३/२७</td><td>बाल्टी-५० थान, जग-५० थान थान वितरण</td><td>वडा नं ४ वडा अध्यक्ष ओम प्रकाश साह</td><td>४००००.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३२४,७७०.७६</td></tr>
</table></td><td>३,२४,७७०.७६</td></tr>
<tr><td>५६.६.</td><td>जोखिम भत्ताः नगरपालिकाले कोरोना नियन्त्रण तथा रोकथाम कार्यमा खटिएका देहाय बमोजिम जोखिम भत्ता भुक्तानी गरेको देखियो।जोखिम भत्ता वितरण गर्नको लागि कुन कार्यमा, कहिले काम गरेको थियो सोको प्रतिवेदन तथा अभिलेख नराखी भुक्तानी गरेको जोखिम भत्ता वास्तविक कोभिड सम्बन्धि कार्य गरेकै दिनको मात्र भुक्तानी भएको हो भन्न सक्ने अवस्था छैन।
<table>
<tr><th>जोखिम भत्ता पाउनेको विवरण</th><th>संख्या</th><th>भत्ताको प्रकार</th><th>खर्च रकम</th></tr>
<tr><td>स्वास्थ्यकर्मी</td><td>१७</td><td>कोभिड जोखिम</td><td>५६५२५०.००</td></tr>
<tr><td>प्रशासनिक कर्मचारीहरु</td><td>७</td><td>कोभिड जोखिम</td><td>४०२४७५.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९६७,७२५.००</td></tr>
</table>
निर्देशिका अनुसार स्वास्थ्यकर्मी र फ्रन्टलाईनमा बसी काम गर्नेलाई मात्र जोखिम भत्ता भुक्तानी गर्न मिल्नेमा पालिकाका ७ जना प्रशासनिक कर्मचारीहरलाई काम गरेको अभिलेख नराखी भुक्तानी गरेको छ। अभिलेख तथा कार्य गरेको देखिने प्रमाण नराखी प्रशासनका कर्मचारी भुक्तानी गरेको जोखिम भत्ता अनियमित देखिएको रु.</td><td>४,०२,४७५.००</td></tr>
<tr><td>५७.</td><td>अनुगमन तथा सम्परीक्षणः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ। सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। पालिकाबाट यो वर्ष सम्परीक्षणको लागि अनुरोध पत्र पेश हुन नआएकोले सम्परीक्षण भएको छैन।</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५८. | **संचित कोष तथा बेरुजुको स्थीति**ः पालिकाको संचितकोषको विवरण, बेरुजु (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार) वर्गिकरण र अध्यावधिक बेरुजुको स्थीति क्रमश : अनुसूची १, अनुसूची २ र अनुसूची ३ मा समावेश गरिएको छ। | |

## स्थानीय संचिंतकोष विवरण

२०७६/७७

अनुसूचि १

रुहजारमा

| सि.न. | स्थानियतह | जिल्ला | आय | | | | | | | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लेखापरीक्षण रकम | बेरुजु रकम | बेरुजु प्रतिशत | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँड रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | | | | १ | २ | ३ | ४ | ५ | ६(२+३+४+५) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+६-९) |
| १ | राजविराज नगरपालिका | सप्तरी | १५८०४३८ | २२१८२४ | १४.०४ | १५९६१६ | ६७१९०७ | ७२०५६ | ३००६३ | ४८६१६ | ८२२६४२ | ५७६५१३ | १८१२८३ | ० | ७५७७९६ | २२४४६२ |

## बेरुजु वर्गीकरण(विनियोजन, राजश्व, धरौटी र अन्यकारोबार)

२०७६/७७

अनुसूची-२

(रु हजारमा)

| सि.न. | स्थानियतहको नाम | जिल्ला | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | | |
| | | | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | राजविराज नगरपालिका | सप्तरी | ५० | २९ | २२१८२४ | ० | ० | ० | ५० | २९ | २२१८२४ | १३२०६ | १०७५४७ | ५०२२३ | ० | ० | १५७७६९ | ५३२८ | ४५५२० | ५०८४८ |

## अद्यावधिक बेरुजु स्थिति

२०७६/७७

अनुसूची-३

(रु हजारमा)

| क्र.स. | स्थानियतहको नाम | जिल्ला | गत बर्ष सम्मको बाँकी वेरुजु | समायोजन | गत वर्षसम्मको यथार्थ बेरुजू | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | राजविराज नगरपालिका | सप्तरी | २६७०५६ | ० | २६७०५६ | ० | ० | ० | ० | २६७०५६ | २२१८२४ | ४८८८८० | ८४६४४ |